कैलाली जिल्लाको टीकापुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पौष १५ गते देखि १७ गतेसम्म कैलाली जिल्लाको टीकापुरमा **"ब्यवसायिक भैंसीपालन तालिम"** सम्पन्न गरेको संस्थाका टीकापुर शाखा कार्यालयका शाखा प्रमुख श्री लक्ष्मी शर्माले जानकारी गराएकी थिइन् । यस तालिममा पशु सेवा प्राविधिक श्री श्याम राज पाण्डे प्रशिक्षक रहेका थिए भने संस्थाको सेवा सुविधाको बारेमा क्षे.का. अत्तरीयाका कार्यक्रम अधिकृत श्री मीन बहादुर हमालले सहभागीलाई जानकारी दिएका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको, यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालय अत्तरीयाका कार्यक्रम अधिकृत श्री मीन बहादुर हमालले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा शाखाका शाखाप्रमुख श्री लक्ष्मी शर्माले गरेकी थिइन् ।

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।



भैंसीपालन परिचय, भैंसीपालनको महत्व, नेपालमा पालिने विभिन्न स्थानीय तथा उन्नत नश्लका भैंसीको जातिय परिचय, कमी कमजोरी, संरक्षण तथा विकास, दुग्ध उत्पादनमा भैंसीको योगदान, दुधालु भैंसी छनौट गर्ने प्रक्रिया र यसको महत्व भैंसीको भाले खोज्ने उमेर, भाले खोजेको समय पत्ता लगाउने, भाले लगाउने उत्तम समय र पहिचान गर्ने तरीका । रोगी तथा निरोगी भैंसीको पहिचान गर्ने तरिका, रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स रोगका मुख्य मुख्य कारण, लक्षण, उपचार तथा रोकथामका उपायहरु, भैंसी पालन विधि, उमेर र अवस्था अनुसार भैंसी, बाच्छा बाच्छी, पाडा पाडीलाई भुई ठाउँको आवश्यकता तथा स्थानीय श्रोत साधनको प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिका बारे जानकारी, ब्याउने भैंसी, दुहुना भैंसी तथा बाच्छा र बाच्छी, पाडा/पाडीको हेरचाहको साथै बिगौती दुध र यसको महत्व बारे जानकारी, दुहुना

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

भैंसीको लागि हरियो घाँस तथा सन्तुलित दानाको महत्वको साथै स्थानीय श्रोतबाट उपलब्ध कच्चा पदार्थहरुको प्रयोग गरी सन्तुलित दाना बनाउने प्रविधि बारे जानकारी, दुधालु भैंसीको लागि बर्षै भरि हरियो घाँस उत्पादन गर्ने तरिका बारे जानकारी, उन्नत भैंसीपालन व्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका र यसको महत्व, गाई र भैंसीपालन व्यवसायको बजार व्यवस्थापन, बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको टीकापुर शाखाका प्रमुख श्री लक्ष्मी शर्माले बताएका थिए । व्यवसायिक रुपमा भैंसीपालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षे.का. अत्तरीयाका कार्यक्रम अधिकृत श्री मीन बहादुर हमालले जानकारी गराएका थिए ।

संस्थाले २०७६ पौष मसान्त सम्ममा ३ लाख ६४ हजार ९३९ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ असोज मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब ५१ करोड रहेको छ भने ग्राहक सदस्यहरुका १२ अरब ३२ करोड बचत परिचालन गरेको छ । भैंसीपालन गरी रहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाको क्षे.का. अत्तरीयाका कार्यक्रम अधिकृत श्री मीन बहादुर हमालले जानकारी गराएका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 